EMBASSY OF NEPAL
2730 34TH PLACE N.W.
WASHINGTON, D.C. 20007

**कोभिड-१९ को सन्दर्भमा कन्सुलर सेवा सम्बन्धी जरुरी सूचना**

2077 पुस ३ (डिसेम्बर १८, २०२०)

**कन्सुलर सेवा सम्बन्धी नयाँ व्यवस्थाः**

**१) हुलाक (Mailing Services) मार्फत दिईने सेवाः** वर्तमान सन्दर्भमा निम्न कन्सुलर सेवाहरु अर्को सूचना जारी नभएसम्मका लागि हुलाकमार्फत प्रदान गरिनेछः भिषा, ट्राभल डकुमेन्ट, प्रमाणीकरण, गैरआवासीय नेपाली परिचयपत्र, राहदानी (पहिले एम.आर.पी. लिइसकेकालाई मात्र)।

**२) आफै उपस्थित भई लिन सकिने सेवाहरुः** अधिकृत वारेसनामा र Live-Enrollment राहदानी (पहिलो पटक एमआरपी आवेदक/ हालसम्म पनि हस्तलिखित राहदानीमात्र हुनेहरुलाई अनिवार्य) आवेदकहरुले पहिलेनै समय निश्चित गरेर मात्र दूतावासमा आउनुपर्नेछ। साथै, अन्य अति आवश्यक कामको लागि अग्रिमरुपमा समय निश्चित गरेर मात्र दूतावासमा भेटघाटको लागि आउन सकिनेछ।

कुनै पनि सेवाको लागि दुतावासमा निवेदन पेश गर्नु अघि दूतावासको वेबसाईट https://us.nepalembassy.gov.np/ को 'Consular Services' मेनुभित्र रहेका सूचानाहरु राम्ररी पढी आवश्यक कागजातहरु तयार गरी निवेदन फारामहरु भर्नुपर्नेछ। तत्पश्चात उक्त वेबसाइटको कन्सुलर सेवा सम्बन्धी पेजमा रहेको लिङ्क (Submit Your Details) मा आफ्नो निवेदनको व्यहोरा अनिवार्यरुपमा भर्नुपर्नेछ।यसै लिङ्कमार्फत विवरण भरी सेवाको लागि अग्रिम समय पनि लिन सकिनेछ।

दूतावासमा प्राप्त हुने निवेदन र प्राप्त कागजातहरु पूरा भएमा कुनै पनि कन्सूलर सेवाहरु प्रदान गर्ने र कागजातहरु हुलाकमार्फत फिर्ता पठाउन सामान्यतः ३ देखि ५ कार्यदिन लाग्न सक्नेछ। तथापि, सेवाग्राही रहेको स्थानको दूरी र सेवाग्राहीले प्रयोग गर्ने हुलाक सेवा (Mailing Services) को आधारमा दूतावासबाट जारी हुने कागजात सेवाग्राहीको हात पर्न अझ बढि समय लाग्नसक्नेछ।

**भिषा सम्बन्धी पछिल्लो व्यवस्थाः**

**३) आगमन बिन्दुमा भिषा (Visa on Arrival) पाउनेहरुः** नेपालको अध्यागमन विभागको २६ मंसिर २०७७ (डिसेम्बर ११, २०२०) को सूचना अनुसार, नेपाल यात्रा गर्न चाहने बिदेशी नागरिकहरुमध्ये नेपालस्थित कूटनीतिक नियोग, अन्तराष्ट्रिय संघ, संस्थामा कार्यरत बिदेशी नागरिक तथा निजका परिवारका सदस्यहरु र गैर आवासीय नेपाली (Non-resident Nepali - NRNs) *वा* नेपाली मुलका विदेशी राहदानीवाहक तथा तिनका परिवारका सदस्यहरुले मात्र पूर्वस्वीकृति वा सिफारिशपत्रबिना नेपाल प्रवेश गर्न सक्नेछन्। गैर आवासीय नेपाली वा नेपाली मुलका विदेशी राहदानीवाहकले आफ्नो नेपाली मूलको सम्बन्धमा सिफारिशको लागि दूतावासको ईमेलमार्फत र्निवेदन दिन सक्नेछन्। यस्तो निवेदनसाथ आफ्नो राहदानीको प्रतिलिपि

PHONE: (202) 667-4550, FAX: (202) 667-5534, E-MAIL: info@nepalembassyusa.org
WEB: us.nepalembassy.gov.np/www.nepalembassyusa.org

र गैरआवासीय नेपाली परिचय पत्र संलग्न गरी दूतावासको ईमेल consular@nepalembassyusa.org मा निवेदन पठाउनुपर्नेछ।

आगमन भिषाको लागि यात्रा शुरु गर्नु अघि अध्यागमन विभागको वेबसाईट https://nepaliport.immigration.gov.np/on-arrival/IO01 मा गई Online Application फाराम भरी त्यसको Submission Number उल्लेख भएको प्रिन्टेड निस्सा साथमा लिई गएमा नेपाल प्रवेश बिन्दुमा समय कम लाग्ने र सेवा लिन सहज हुनेछ।

**ध्यानाकर्षण: तथापि, गैर आवासीय नेपाली परिचयपत्र बाहक बाहेक अन्य सबै विदेशीले नेपाली राजदूतावास वा नेपाली कन्सुलेटबाट भिषा लिएरमात्र यात्रा गर्नुहुन विशेष अनुरोध गरिन्छ।

**४) अन्य विदेशी नागरिकहरुले दूतावासबाट भिषा प्राप्त गर्नुपर्ने:** माथि नं (३) मा उल्लेखित विदेशी नागरिक बाहेक अन्य बिदेशी नागरिकहरुले दूतावासबाट भिषा लिनुपर्नेछ। दूतावासमा भिषाको आवेदन फाराम भर्दा नेपाल भ्रमणको प्रयोजन स्पष्टरुपमा खुलाउनु पर्नेछ। भिषाआवेदनको लागि दूतावासको वेबसाईटमा रहेको लिङ्क https://us.nepalembassy.gov.np/tourist-visa/ मार्फत अनलाईन फाराम भरी सोको Submission Receipt सहित आवेदन हुलाकमार्फत दूतावासमा पठाउनु पर्नेछ।

नेपाल आगमन बिन्दुमा भिषा प्राप्त गर्न चाहने अन्य विदेशीहरुले सिधै नेपालको सम्बन्धित मन्त्रालयबाट पदयात्रा अनुमतिपत्र, पर्वतारोहण अनुमतिपत्र, औपचारिक निमन्त्रणापत्र वा अन्य औपचारिक पत्राचारको रुपमा पूर्वस्वीकृति वा सिफारिश अनिवायरुपमा प्राप्त गर्नुपर्नेछ, र सोको आधारमा मात्र दूतावासबाट ईमेलमार्फत आवश्यक सिफरिस दिईनेछ।

**5) कोभिड -19 नेगेटिभ रिपोर्ट आवश्यक पर्ने:** नेपाल यात्रा गर्ने सबैले यात्रा शुरु गर्नु अघि ७२ घन्टाभित्र प्राप्त गरेको आफ्नो **PCR** परिक्षण **Negative Report** (RT-PCR/Gene Xpert/True NAAT or equivalent) साथमा राख्नुपर्नेछ। ५ वर्ष भन्दा मुनिका बालबालिकाहरुको हकमा **PCR Report** आवश्यक नपर्ने। **PCR Report लगायत अन्य विषयमा हवाई सेवा कम्पनी (Airlines) को अन्य थप व्यवस्था (Requirement) हुनसक्ने भएकोले आफ्नो हवाई सेवा कम्पनी (Airlines) वा ट्राभल एजेन्टसँग पुनः बुझेर मात्र विमानस्थल जानुहुन अनुरोध गरिन्छ।** नेपाल प्रवेश गर्ने सबै यात्रुहरुले १४ दिन क्वारेन्टाइन लगायत नेपाल सरकारले लागू गरेको स्वास्थ्य सम्बन्धी मापदण्ड अनिवार्य रुपमा पालना गर्नुपर्नेछ।

**6) नेपाल यात्रा अगाडि तोकिएको फाराम अनिवार्यरुपमा भर्नुपर्ने:** नेपाल यात्रा गर्नु अगाडि सम्पूर्ण यात्रुहरुले https://ccmc.gov.np/arms/person_add.php लिङ्कमा गई "**International Traveller Arrival Form**" अनिवार्य रुपमा भरी बारकोड सहितको प्रिन्ट वा डिजिटल निस्सा आफ्नो साथमा राखी यात्रा गर्नुपर्नेछ।

*****ध्यानाकर्षण:***

EMBASSY OF NEPAL
2730 34TH PLACE N.W.
WASHINGTON, D.C. 20007

** सबै सेवाग्राहीहरुलाई कन्सुलर सेवा सम्बन्धी सोधपुछका लागि टेलिफोन भन्दा ईमेल प्रयोग गर्नुहुन अनुरोध गरिन्छ, र यसकालागि दूतावासको ईमेल ठेगाना consular@nepalembassyusa.org मा मात्र सम्पर्क गर्नुहुन समेत अनुरोध गरिन्छ ।

** यात्राको क्रममा आउनसक्ने झन्झटलाई ध्यानमा राखी दूतावासबाटै भिषा लिएर मात्र यात्रा शुरु गर्नुहुन सबै विदेशी नागरिकहरु लाई अनुरोध गरिन्छ।

** हुलाक (Post Mail )मार्फत वा स्वयं उपस्थित भई दूतावासमा कुनै आवेदन पेश गर्नुअघि सम्बन्धित कन्सुलर सेवा पृष्ठमा देखा पर्ने लिंक "Submit Your Details" मार्फत विवरण भरी सेवाका लागि दर्ता गर्न समेत अनुरोध गरिन्छ। यसरी विवरण नभरेसम्म यथासमयमा सेवा प्रवाह गर्न कठिनाई हुने व्यहोरा समेत अनुरोध गरिन्छ।

***